महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७५

देवानगञ्ज गाउँपालिका
सुनसरी

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं. ६६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
देवानगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: ०७४।७५
च.नं. ५२८

मिति: २०७५।१२।१६

श्री प्रमुखज्यू,
देवानगञ्ज गाँउपालिका,
सुनसरी।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट देवानगञ्ज गाँउपालिकाको अर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु. ४५ लाख ३३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ७ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.२६ लाख ९२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने ११ लाख २० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १४ यसै साथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

२०७५/१२/१६

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

देवानगञ्ज गाँउपालिका, सुनसरी
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । १ नं. प्रदेशमा अवस्थित यो गाँउपालिका अन्तर्गत वडा ७ , नगर सभा सदस्य ३९ , ५३.५६ वर्ग कि.मी.क्षेत्रफल र ३५०६८ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष :आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

आ.ब. २०७४/७५ को एकीकृत आय व्यय विवरण

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी	८२९२७४६.०६	१	चालु खर्च	१०३२४३१७९.६७
	क) नगद	०.०	२	पूँजीगत खर्च	११४५८१०१५.०६
	ख) बैंक	८२९२७४६.०६	३	सर्शत अनुदान फिर्ता	९१४०५६७.९८
२	राजस्व (आन्तरिक आय)	४५८२८२९.६०	४	वित्तीय व्यवस्था भुक्तानी	
	क) आन्तरिक राजस्व	४५८२८२९.६०		क) ऋण भुक्तानी	
	ख) राजस्व बाँडफाँड			ख) ब्याज भुक्तानी	
	ग) अन्य आय			ग) अन्य भुक्तानी	
३	वित्तीय हस्तान्तरण	२७०६९६०००.०	५	लगानी	
	क)वित्तीय समानीकरण अनुदान	१८५९५२०००.०		ऋण लगानी	
	ख) सशर्त अनुदान	८४७४४०००.०		शेयर लगानी	
	ग) समपूरक अनुदान			अन्य लगानी	
	घ) विशेष अनुदान		६	धरौटी फिर्ता	११६०००.०
	ङ)सिमाक्षेत्र विकास कार्यक्रम		७	विविध कोष खर्च	४२३३१८६.२
	च) सडक बोर्ड नेपाल		८	जनसहभागिता खर्च	३१९६९३२.०
४	प्रदेश सरकारबाट प्राप्त अनुदान				
	क)वित्तीय समानीकरण अनुदान				
	ख) सशर्त अनुदान		८	मौज्दात	६२२३२४९२.७५
	ग) समपूरक अनुदान			क) नगद मौज्दात	
	घ) विशेष अनुदान	७००००००.०		ख) बैंक मौज्दात	६२०४८५२६.७५
५	अन्तर स्थानीय तहबाट प्राप्त			ग) धरौटी मौज्दात	१८३९६६.०
६	वित्तीय व्यवस्था प्राप्ति			घ) कोष मौज्दात	
	क) ऋण प्राप्ति				
	ख) साँवा प्राप्ति				
	ग) ब्याज प्राप्ति				
७	विभिन्न कोषतर्फको आय	४७०७३०००.०			
८	जनसहभागिता (नगद)	३१९६९३२.०			
९	विषयगत निकायबाट प्राप्त रकम				
१०	धरौंटी आय	२९९९६६.०			
११	लगानीको साँवा फिर्ता				
	जम्मा	३३४८४१४७३.६६		जम्मा	३३४८४१४७३.६६

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
१.	**घटी जिम्मेवारी-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु.८३,०४,०००।- आ.ब. २०७४।७५ मा जिम्मेवारी सार्नुपर्नेमा रु.८२९२७४६।०६मात्र जिम्मेवारी सारेको देखिएकोले जिम्मेवारी सार्न बाँकी देखिएको रु.११२५३।९४यकिन गरी जिम्मेवारी सारी आम्दानी देखाउनु पर्ने देखिएको रु.	११,२५३.९४
२.	**वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै बजेट पारीत गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस बर्षको बजेट २०७४।६।८ मा मात्र पारित गरेको पाइयो । जसले गर्दा समयमै बजेट पारित भएको देखिएन । यस तर्फ सुधार हुनुपर्दछ ।	
३.	**केन्द्रिय राजश्व :-** गाउँपालिकाले संघिय सरकारको राजश्व तर्फको कारोवारको आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण भएको छैन ।	
४.	**श्रोतअनुमान तथा वजेट सिमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा गाँउपालिकाले श्रोत अनुमान तथा बजेट सिमा तयार गरेको छैन । बजेटको प्राथमिकीकरण र श्रोत परिचालनको लागि समिति गठन गरी सोही बमोजिम कार्य हुनपर्ने देखिन्छ ।	
५.	**वजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाँउपालिकाको योजना छनौटमा आपसी तादाम्यता र परिपुरकता मिलाउन नसक्दा गाँउकार्यपालिकाले ७ पटकको निर्णयले रु. १ करोड २१ लाख ५१ हजार लागतका ४४ वटा योजना संशोधन गरेको पाइयो भने १ योजना (साविका राशी ५ को चमेनिया पोखरी छेउमा रहेको सडकको दक्षिणपट्टी देवानगञ्ज जाने बाटोमा ढुंगा क्रिटिङ गर्ने कार्य वडा नं. ६) २ पटक संशोधन गरेको पाईयो । आर्थिक बर्षको विचमा योजना संसोधन भइरहदा योजना कार्यान्वयनमा जटिलता हुने, पुर्व छनौट भएका योजनाबाट लाभ प्राप्त गर्नेहरु बञ्चित हुने, पहुँच र प्रभावका आधारमा योजना छनौट हुने अवस्था श्रृजना हुने देखिन्छ । दीर्घकालीन दीगो विकासलाई ध्यान दिई बजेट र योजना विचमा आपसी तादाम्यता तथा परिपुरकता मिलाई बजेट तथा कार्यक्रम तर्जुमा हुनुपर्ने देखिन्छ ।	
६.	**विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाँउपालिका/नगरपालिकाहरुले Sub National Treaury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले (SUTRA) प्रयोग नगरी आफ्नै तरिकाले साँग्रिला सफ्टवेयर प्रयोग गरेको पाइयो । सफ्टवेयरको विश्वासनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्वीकृति समेत लिएको नदेखिएकोले गाँउपालिकाले महालेखा नियन्त्रक कार्यालयद्धारा स्वीकृत सफ्टवेयरको प्रयोग गर्नुपर्ने देखिन्छ ।	
७.	**आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन	

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
	। • सार्वजनिक खरिद ऐन नियमावलीको खरिद पद्धतिका सिमाहरु विपरित उपभोक्ता समिति मार्फत मालसामान खरिद गर्ने गरेको, • योजनाको संख्या अत्याधिक रुपमा सञ्चालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको, • महालेखा नियन्त्रक कार्यालयले तयार पारेको लेखा सफ्टवेयर SUTRA को प्रयोग नभएको, • जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट हेभि मेशिन उपकरण प्रयोग गरी सञ्चलान गर्ने गरेको हेभि मेशिन उपकरण प्रयोग गर्न प्राविधिकको सिफारिस र कार्यालयको सहमति नलिएको, • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) अनुसार खर्चको सार्वजनिक स्थानमा टाँस तथा सामाजिक परीक्षण हुने नगरेको, • तलवी प्रतिवेदन पारित नगरी आ.व. २०७४।७५ मा रु. ४८२९३२१।९० खर्च लेखेको, • खरिद योजना बनाउने नगरेको, • भुक्तानी जनाउने छाप लगाउने नगरेको, • विल तथा भरपाईहरु पूर्ण रुपमा प्रमाणित गर्ने नगरेको तथा भुक्तानी विलहरुको तेरिज तयार गर्ने नगरेको, • दाखिला रिर्पोट तथा खरिद आदेश नम्बर राख्ने नगरेको, • भ्रमण अभिलेख खाता राख्ने नगरेको, • भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको, (भ्रमण खर्च नियमावली, २०६४ को नियम २१) • संकलित राजश्व समयमा नै बैक दाखिला नगरी १ हप्तामा दाखिला गर्ने गरेको, • उपभोक्ता समिति मार्फत कार्य गराउने र न्यायिक समितिबाट कार्य सम्पादन हुने लगायतका कार्य गर्न कार्यविधि बनाउने नगरेको, • धरौटीको, धरौटी खाता तथा व्यक्तिगत धरौटी खाता राख्ने नगरेको,	
८.	**आन्तरिक लेखापरीक्षण :-** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत कार्यविधि अनुसार चौमासिक रुपमा आ.ले.प हुनुपर्नेमा यस गाँउपालिकाको आन्तरिक नियन्त्रणको लागि आन्तरिक लेखापरीक्षण कोष तथा लेखानियन्त्रक कार्यालयबाट बार्षिक रुपमा हुने गरेको पाइयो । बार्षिक रुपमा आ.ले.प गर्दा आन्तरिक नियन्त्रण कमजोर हुने हुँदा चौमासिक रुपमा आ.ले.प हुनुपर्ने देखिन्छ ।	
८.१.	आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण अवधि सम्म फछ्र्यौट हुनुपर्नेमा कोष तथा लेखानियन्त्रक कार्यालय सुनसरीबाट आन्तरीक लेखापरीक्षण सम्पन्न भई औल्याएको रु. ११६०२८२।३३ बेरुजु अन्तिम लेखापरीक्षणको अवधिसम्म फछ्र्यौट भएको पाइएन । आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजु फछ्र्यौट गरी आर्थिक अनुशासन कायम गर्नुपर्ने देखिन्छ ।	
९.	**चौमासिक खर्च–** कार्यालयले पूर्व स्वीकृत कार्यक्रम अनुसार योजना सञ्चालन गरी सो अनूसार बजेट खर्च गर्नु पर्दछ । कार्यालयबाट भएको पुँजिगत खर्चको चौमासिक विवरण प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन ।	
१०.	**स्थानीय तथ्यांक र अभिलेखः–** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
११.	**लक्ष्य प्रगतिको स्थितिः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरीय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
१२.	**कर्मचारी व्यवस्थाः–** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरबन्दी ७७ रहेपनि संघिय सरकारबाट सरुवा ४३, साविक स्थानिय निकायका ५, आन्तरिक पदपूर्ति १६ गरी ६४ पदपुर्ति रहेको देखियो । उपसचिव र अधिकृतस्तरका ५ सहित १३ पद रिक्त रहेका छन् । रिक्त पद आवश्यक भए पदपुर्ति हुनुपर्ने देखिन्छ ।	
१३.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
१४.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिका / नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
१५.	**अनुगमन एवं पृष्ठपोषणः** गाँउपालिकाबाट संचालित कार्यक्रम तथा योजनाहरु समयमै र गुणस्तरीय रुपमा संचालन भएको आश्वस्त हुनको लागि संचालित कार्यक्रमको अनुगमन तथा अनुगमनबाट देखिएका व्यहोराहरु संलग्न गरी प्रतिवेदन गर्ने प्रतिवेदनको आधारमा सुधारका लागि पृष्ठपोषण लिने तथा भुक्तानी म्याद थप जस्ता विषयमा अनुगमन प्रतिवेदनसँग आवद्ध गराई प्राप्त पृष्ठपोषण बमोजिम निर्णय लिनुपर्नेमा गाँउपालिकाबाट भएको अनुगमन तथा सोको पृष्ठपोषणको अवस्था कमजोर देखियो । स्वीकृत कार्यक्रम तोकिएको गुणस्तर, समय परिमाण र लागतमा सम्पन्न छन छैन यकिन गरी प्रभावकारीता बढाउन अनुगमन र पृष्ठपोषणलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।	
१६.	**निवेदन फछ्र्यौटः** स्थानिय जनतालाई नजिकको निकायबाट न्याय सम्पादान गर्ने उद्देश्यले स्थानिय गाँउपालिकाको न्यायिक समितिबाट छिटो निवेदन फछ्र्यौट गरी शिध्र न्याय दिनकोलागि परेका निवेदन तथा उजुरी समयमै फछ्र्यौट हुनु पर्दछ । आर्थिक बर्ष २०७४।७५ मा न्यायिक निर्णयकोलागि ४६४ निवेदन परेकोमा २९० फछ्र्यौट भई १७४ बाँकी रहेको पाइयो । स्थानियस्तरमा सुशासन कायम गर्ने समितिमा आवश्यक जानकारी तथा समय व्यवस्थापन र कार्यविधि तयार गरी न्यायिक समितिमा परेका निवेदन शिघ्र फछ्र्यौट गर्न सम्बद्ध पक्षको ध्यान जानुपर्ने देखिन्छ ।	
१७.	**सडक गुरुयोजना र डि.पि.आरः** गाउँकार्यपालिका कार्यालयले आफ्नो क्षेत्रमा पर्ने सडकहरुको अवस्था र स्तर निर्धारण गरी गाउँ सडक गुरुयोजना तयार गरी गुरुयोजना भित्र समावेश सडकहरुको स्तर अनुसार विस्तृत संभाव्यता अध्ययन गर्न बजेट विनियोजन गर्नु पर्नेमा यस गाउँ कार्यपालिकाबाट यो बर्ष "सडकको विस्तृत संभाव्यता अध्ययन (डि.पि.आर) निर्माण कार्यको लागि परामर्शदाता छनौट गरी रु. १९,९४,७३१।७५ खर्च गरेको पाइयो भने विभिन्न वडामा रु. ५० हजार देखी २५ लाख सम्मका सयौं सडक योजनाहरु संचालन गरेको पाइयो । जसले गर्दा श्रोतको प्राथमिकरणमा ध्यान दिएको पाइएन । ग्रामिण सडक गुरुयोजना (RTMP) बनाई सोही अनुसार सडकहरुको बर्गिकरण गरी प्राथमिकताका आधारमा डि.पि.आर तयार गर्ने तथा निर्माण कार्य अघि बढाउने कार्य गरेमा श्रोतको उपयोगमा दक्षता कायम गर्न सकिने देखिन्छ ।	
१८.	**प्रोफाइल तयारीः** भौ.नं. २ मिति २०७४।४।१२ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार खर्च प्रमाणित हुने विल भर्पाइ तथा अन्य प्रमाण कागजात संलग्न गरेर मात्र रकम भुक्तानी हुनु पर्ने उल्लेख छ भने सोही नियमावलीमा चालु बर्षको दायित्व आगामी आर्थिक बर्षमा सार्न नहुने उल्लेख छ । कार्यालयले प्रोफाइल तयारी कजेल अफ सफ्टवेयर एण्ड हार्डवयर इन्जिनियरीङ्गलाई रु. ५,००,०००।- (कर कट्टी पछी	

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
	खुद रु. ४,९२,५००।-) भुक्तानी गरेकोमा उक्त कार्य गर्न सो संस्थासँग भएको सम्झौता, संस्थाले जारी गरेको विजक, जिन्सी दाखिला प्रतिवेदन लगायतका खर्च प्रमाणित हुने प्रमाण कागजात संलग्न गरेको छैन । यसै गरी २०७४ श्रावण २२ गते भुक्तानी भएको देखिदा चालु आर्थिक बर्षमा परामर्श सेवा खरिद प्रक्रिया शुरु भई उक्त इन्सेप्सन प्रतिवेदन ड्राफ्ट प्रतिवेदन र ड्राफ्ट प्रतिवेदनमा कार्यालयको आवश्यकता बमोजिम भए नभएको सुधार गरी अन्तिम प्रतिवेदन तयारी हुनु पर्नेमा सो बमोजिम भएको कुनै अभिलेख लेखापरीक्षणमा पेश नभएकोले उक्त खर्चको दायित्व यसै बर्ष श्रृजना भएको भन्ने आश्वस्त हुन सकिदैन । मिति २०७५।७।१५ मा उक्त संस्थाले आफूले सवै डकुमेन्ट कार्यालयमा बुझाएको पत्र संलग्न गरेतापनी कहिले र कुन कुन डकुमेण्ट बुझाएको हो सोको विवरण खुलाएको छैन । सम्झौता, विल लगायतमा खर्च प्रमाणित हुने सक्कल कागजात बेगर गरेको कर कट्टी पछीको भुक्तानी रु. ४,९२,५००।- सम्बन्धित जिम्मेवारबाट असुल हुनु पर्ने रु.-	४,९२,५००.०
१९.	**बढी भुक्तानी**: सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खुद भएको कामको नापजाँच बमोजिम भुक्तानी हुनु पर्नेमा कार्यालयले विभिन्न निर्माण कार्यमा खुद भुक्तानी गर्नु पर्ने भन्दा बढी भुक्तानी गरेको पाइयो । नमुना छनौटबाट परीक्षण गरेका योजनाको निम्नानुसार रु. ७२९६२.१९ बढी भुक्तानी गरेको पाइएकोले सम्बन्धित जिम्मेवारबाट असुल हुनु पर्ने रु.-	७२९६२.१९

भौ.नं. / मिति	भुक्तानी पाउने	व्यहोरा	भुक्तानी भएको	भुक्तानी हुनु पर्ने	बढी भुक्तानी	कैफियत
१६-२०७४/६/२३	चिमडी जनसेवा इन्टरप्राइजेज	सडक मर्मत सम्भार	२८७२४२.००	२७२२१७.८१	१५०२४.१९	
१८०-२०७५/२/२४	अनुपम तरकारी तथा फलफुल उत्पादक सहकारी	अर्गानिक कम्पोष्टमल	२५०००.००	२४२५५३.००	७४४७.००	
१९३-२०७५/२/२३	पद्यम नि.मा.वि. कम्पाउण्ड वाल निर्माण समिति	कम्पाउण्ड र सरस्वाती मन्दिर	२२००५८.००	१८०००.००	४००५८.००	
२५७-२०७५/३/१३	सामुदायिक समाज उत्थान केन्द्र	जेष्ठ नागरिक सम्मान	२९५८००.००	३००००.००	४२००.००	
२८६-२०७५/३/१६	पृतमसाहको घर देखी पूर्व बतिलाल पालको घर सम्म सडक उ.स.	सडक निर्माण	६००००.००	५९७२१४.००	२७८६.००	अनुपातिक कट्टी नभएको
३२१-२०७५/३/२०	रमेश यादवको घर देखी पूर्व चन्दामोहन सडक निर्माण उ.स.	सडक निर्माण	५००००.००	४९८६५३.००	१३४७.००	
३९-२०७५/२/३१	गाउँपालिका प्रमुख, उप प्रमुख, वडा अध्ययहरु, स्वास्थ्य संस्था प्रमुहरु, सरोकारवालाहरु एवं साझेदार संघ संस्थाका प्रतिनिधिहरु	तालिम भत्ता र यातायात खर्च १४ जनाको रु.७००।- को दरले	११९००.००	९८००.००	२१००.००	
					७२९६२.१९	

२०.	**कर दाखिला**: आयकर ऐन २०५८ को दफा ८९ अनुसार कर कट्टी गरेको रकम दाखिला हुनु पर्दछ । निम्नानुसार कर कट्टी रकम दाखिला नगरेकोले असुल गरी दाखिला हुनु पर्ने रु.	१३२५०.००

भौ.नं. र मिति	फर्मको नाम	गरेको कार्य	कर कट्टी रकम
९६-२०७४/१२/१८	पिरामिड टेक्निकल इन्स्टीच्युट	कम्पोस्ट मल बनाउने	३०००.००
११३-२०७४/१२/१८	साझेदारी नेपाल बबिया	योग शिविर	७५०.००
१३०-२०७५/१/१०	यदुवंशी निर्माण सेवा	विद्युत विस्तार	३०००.०० (अग्रिम कर कट्टी नगरेको)
१४०-२०७५/१/१६	पिराडि टेन्निकल	बुटिक तालिम समेत	६५००.०० (अग्रिमकर तथा वहालकर बापत)
			१३२५०.००

२१.	**गैरसरकारी संस्था मार्फत कार्य**: गाउँ कार्यपालिकाले गर्ने कार्य मितव्ययी र दक्षतापूर्वक रुपमा सम्पन्न हुनु पर्दछ । गाउँ कार्यपालिकाबाट चेतनामूलक तथा सिप प्रदान गर्ने कार्यहरु गैरसरकारी संस्थाहरु मार्फत गराएको पाइयो । गाउँ कार्यपालिकामा कृषि, पशु, शिक्षा, महिला लगायतका बिषयगत इकाईहरु भएको अवस्थामा बार्षिक कार्यतालिका बनाइ त्यस्ता कार्यहरु, बिषयगत शाखाहरुबाट गराएमा बढी मितव्यी हुन	

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .

सक्ने देखिन्छ । गाँउकार्यपालिका कार्यालयबाट एउटै संस्थालाई धेरै प्रकारका कार्य गर्न दिएको पाईयो । एउटै संस्थालाई धेरै प्रकारका कार्यहरु दिंदा कार्य दक्षता तथा प्रभावकारीतामा समेत असर पर्ने देखिन्छ । एकै संस्था दलित जागरण उत्थान केन्द्रलाई धेरै कार्यहरु गराएको उदाहरण:

सि.नं.	गो.भौ/मिति	कामको व्यहोरा	भुक्तानी रकम
१	३००-२०७५/३/१८	छुवाछुत विरुद्ध जनचेतना	८७०००.००
२	३०१-२०७५/३/१८	योग शिविर संचालन	८७०००.००
३	३०२-२०५/३/१८	दलित विद्यार्थिलाई छात्रवृत्ति वितरण	१००००००.००
४	३२४-२०७५/३/२१	जेष्ठ नागरिक सम्मान	१००००००.००
५	३२५-२०७५/३/२१	जनजाती नागरिक सम्मान	५००००.००
६	३२६-२०७५/३/२१	लोकसेवा आयोग तयारी कक्षा	१००००००.००
७	३२७-२०७५/३/२१	अपाङ्ग नेतृत्व विकास तालिम	५००००.००
८	३२८-२०७५/३/२१	दलित विद्यार्थिलाई छात्रवृत्ति वितरण	१००००००.००
९	३२९-२०७५/३/२१	बालबालिकाहरुलाई छात्रावृत्ति वितरण	२००००००.००
१०	३३०-२०७५/३/३१	दलित महिलालाई सिलाई कटाइ तालिम	१००००००.००
११	३३३-२०७५/३/३१	महिला सचेतना कार्यक्रम	७५०००.००
१२	३३३-२०७५/३/३१	खेलकुद सामाग्री वितरण	५००००.००
१३	३५७-२०७५/३/३१	दलित अधिकार सशक्तिकरण तालिम	२००००००.००

२२. **शिर्षकगत विनियोजन र खर्च:** गाउँ सभाबाट स्वीकृत योजनाहरु सम्बन्धित विनियोजन शिर्षकबाट मात्र खर्च गर्नु पर्नेमा गाउँ कार्यपालिकाले रकमान्तर बेगर फरक शिर्षकमा खर्च गर्ने गरेको पाइयो । उदाहरणको रुपमा मन्त्रिहरुको स्वागतको लागि मण्डला, साउण्ड सिस्टम, स्वागत गेट निर्माणमा आकस्मिक सडक मर्मतमा विनियोजित बजेटबाट गो.भौ. ८२ मिति २०७४।१२।१३ मा ७०,०००।- र सोही शिर्षकबाट इलाका प्रहरी कार्यालय देवानगंजको रंगरोगन तथा दुर्गा मन्दिर रंगरोगन बापत रु. ७१,१९०।- खर्च गरेको पाइयो । गाउँसभाबाट पारित शिर्षक भन्दा फरक पारी खर्च गर्नु नहुने यस सम्बन्धी खर्च गाउँसभाबाट अनुमोदन हुनु पर्ने रु.- — १,४१,९९०.०

२३. **खर्चको प्रभावकारीता:** सार्वजनिक श्रोतको अधिकतम प्रतिफल दिने गरी उपयोग हुनु पर्दछ । कार्यालयाट आन्तरिक आयवृद्धिको लागि सफ्टवेयर विकास जडान र तालिम बापत विभिन्न परामर्शदाता सँग सम्झौता गरी निम्नानुसार रु १४,९०,७९४।- खर्च लेखेको पाइयो ।

सि.नं.	भुक्तानी गो.भौ /मिति	परामर्शदाताको नाम	नामको विवरण	भुक्तानी रकम
१	१०४-२०७४/१२/२१	इको प्लाय प्रा.लि.	मालपोत तथा भुमिकर र आय लेखा सफ्टवेयर विकास जडान र तालिम	३९९७९४.००
२	१०५-२०७४/१२/२१	फिनिक्स सोलुसन प्रा.लि.	७ वटै वडामा आयलेखा सम्वन्धी सेवा प्रवाहको लागि सफ्टवेयर विस्तार	३९५५००.००
३	१०६-२०७४/१२/२१	प्रोटोकल इन्टरनेशनल कन्सल्टेशन प्रा.लि.	७ वटै वडामा भुमिकर (मालपोत) सफ्टवेयर सेवा प्रवाहको लागि सफ्टवेयर विस्तार	३९५५००.००
४	२७१-२०७५/३/१५	एस.के विशेषज्ञ परामर्श सेवा	एकिकृत सम्पत्तिकर अभिमुखिकरण तालिम	३००००००.००
			जम्मा:	१४९०७९४.०

आन्तरिक आयको व्यवस्थापनको लागि उल्लेखित बमोजिम विभिन्न परामर्शदातालाई रु. १४,९०,७९४।- भुक्तानी गरेतापनी गाउँपालिकामा वडाहरुमा असुली भएको आयको व्यवस्थापन अत्यन्तै कमजोर तथा रकम उठेको वडागत र शिर्षकगत अभिलेख छैन । जसले गर्दा आय व्यवस्थापनमा भएको उल्लेखित परामर्श सेवा खर्चको प्रभावकारिता देखिदैन । तसर्थ खर्च गर्दा प्रकृया मात्र नभई नतिजामा समेत ध्यान दिनु पर्ने देखिन्छ ।

उपभोक्ता समितितर्फ:

२४. **उपभोक्ता समिति:–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट सडक ग्राभेल, कालोपत्रे गर्ने जस्ता जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । गाँउकार्यपालिकाबाट संघिय खरिद ऐन नियमको पालना नहुनु प्रमुख कारण देखिन्छ । संघिय तथा प्रदेश कानुनको सिमा भित्र रही उपभोक्ता समिति गठन, योजना सञ्चालन,लागत सहभागिता, फरफारक हस्तान्तरण सार्वजनिक परीक्षण लगायतका कार्य उपभोक्ता समितिबाट गर्ने कार्यविधि निर्माण गरी सोही बमोजिम कार्य हुनुपर्ने देखिन्छ ।

क्र.सं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
२५.	**वस्तु खरिद :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा १ करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख भएकोमा कार्यालयले निर्माण बाहेक वस्तु खरिद सम्बन्धि कार्य समेत उपभोक्ता समितिसँग गराएको पाइयो । नगरपालिकाबाट संघिय खरिद कानुन प्रतिकुल हुने निर्णय गरी वस्तु खरिदका कार्यहरु गर्ने गरी निर्णय हुनुलाई राम्रो मान्न सकिएन । यस सम्बन्धि थप व्यहोरा निम्नानुसार छन ;	
२५.१.	उपभोक्ता समुहबाट कुनै मालसामान खरिद परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । तर यस गाउँपालिकाले निम्नानुसारको खरिद कार्य उपभोक्ता समिति मार्फत गराएको देखिएकोले नियम संगत भएको नदेखिएको रु.-	१०,७६,०००.०

भौ.नं./मिति	उपभोक्ता	खरिद फर्म	खरिद सामान	रकम
३३१-२०७५/३/२१	विद्युत ट्रान्सफरमा जडान उपभोक्ता समिति वडा नं. ७	Plastic met chem. traders विराटनगर	Indian make 100 KVA ट्रान्सफरमर	४८५०००.००
३८०-२०७५/३/२३	चन्द्रमुखि कल्व		बुक सामाग्री	२९१०००.००
४३१-२०७५/३/२५	इस्लामिक मदरसा		फर्निचर	१००००००.००
४४२-२०७५/३/२६	ग्रामिण समाज उत्थान केन्द्र		अपाङ्गताको लागि सामान	२००००००.००
				१०७६०००.००

२६.	**कर्मचारी दरबन्दी र पदपुर्ति:-** स्वीकृत दरबन्दि बमोजिमको कर्मचारीलाई तलब भुक्तानी हुनु पर्नेमा यस गाँउपालिकाबाट प्राप्त कर्मचारी दरबन्दी विवरणमा अस्थायी खरिदारको पद नभएको पाइयो । साविकमा युनिसेफको आर्थिक र प्राविधिक सहयोगमा जि.वि.स सुनसरीबाट सञ्चालित बालबालिका तथा महिलाहरुको लागि विकेन्द्रित कार्य (इकाव) कार्यक्रममा करारमा कार्यरत श्री बन्दना कुमारी शाहलाई साविक साहेवगंज गा.वि.स बाटै सेवा सुविधा पाउने गरी काम काज गर्न नियुक्ति भएकोमा हाल स्थानीय तहको पुनसंरचनामा यस गाँउपालिकामा अस्थायी खरिदार दरबन्दि नभएको अवस्थामा गो.भौ.नं ३०१ मिति २०७५।३।३१ बाट २०७४ श्रावण देखि २०७५ आषाढ सम्मको तलब वापत रु. २,६६,०४०।- मा सामाजिक सुरक्षा कर रु. २६६१।- कट्टि गरी रु. २६३३७९।- भुक्तानी गरेको पाइयो । साविकमा अर्को व्यवस्था नभएसम्मको लागि भनि नियुक्त इकाव तर्फका कर्मचारीलाई स्थानीय तहको पुनसंरचना पश्चात उक्त पदमा रहेर कामकाज गर्ने स्पष्ट आधार प्रमाण भए पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट करकट्टि पछिको भुक्तानी रकम असुल हुनुपर्ने रु.	२,६३,३७९.०
२७.	**ग्राभेल कार्य:** सामान्य तया सडक ग्राभेलको कार्य आषाढ श्रावणमा सम्पन्न हुने गरी सम्झौता गर्नु हुँदैन । अर्थात उक्त समय खोलानालाबाट ढुङ्गा, गिटी, वालुवा उठाउन मिल्दैन । तर कार्यालयले सोही समयमा ग्राभेल कार्य सम्पन्न गर्ने गरी सम्झौता गर्ने गरेको देखियो । यस प्रकारको कार्यमा नियन्त्रण हुनु पर्दछ । उदाहरणको लागि:	

भौ.नं./ मिति	ग्राभेल कार्य	लागत अनुमान	कार्यालयबाट खर्च रकम	सम्पन्न मिति
३७३-२०७५/३/२३	मेनरोड देखी जगन्नाथ मेहता -वाटो सम्म	१०४९३४.००	१००००००.००	२०७५ आषाढ
३७४-२०७५/३/२३	पोखरी देखि पूर्व -कृषि सडक उप समिति	३१३८८९.७८	३००००००.००	२०७५ आषाढ
३८४-२०७५/३/२४	प्रदिप साहको कर पश्चिम नाराण मेहताको घर	१५७५६८.१४	१५००००.००	२०७५ आषाढ
४२१-२०७५/३/२५	राजेन्द्र साहको घर देखि पूर्व वेचनपालको घर सम्म	१५६२६९.००	१५००००.००	२०७५ आषाढ
४२४-२०७५/३/२७	हरि नारायण मेहताको घर देखि पंञ्चदेव मेहताको घर सम्म	५२९३६.५६	३३४४८.००	२०७५ आषाढ

२८.	भौ.नं. २७९ मिति २०७५।३।२३ गाउँपालिकाले आवश्यकता र उपलब्धिमूलक कार्यमा रकम खर्च गर्नु पर्दछ । गाउँपालिकाले यस बर्ष बेरुजू फछ्र्यौट गरेको विवरण पेश गरेको छैन । तर बेरुजू फछ्र्यौट तालिम १ दिने (मिति २०७५।३।१८ मा) गरेको भनी एस के विशेषज्ञ परामर्श सेवा गोकर्णेश्वरले पेश गरेको प्रस्ताव स्वीकृत गरी मिति २०७५।३।१९ को कर विजक पेश गरेको आधारमा रु. २,००,०००।- खर्च लेखेको छ । प्रस्तावमा तालिम ५० जनालाई दिने भनी उल्लेख गरेतापनि मिति २०७५।३।१८ मा पहिलो सेशनको उपस्थिति ४३ र दोश्रो सेशनको उपस्थिति २३ जना रहेको छ । तर तालिम लिने व्यक्तिको पहिचान समेत खुलेको छैन । तसर्थ यस प्रकार उपलब्धि विहिन कार्यमा खर्च गर्ने प्रवृतिको अन्त्य हुनु पर्दछ ।	
२९.	**वढी भुक्तानी:** भौ.नं.४७३/२०७५।३।२८ साविक देवानगंज गाँउ विकास समितिका वडाहरुमा विद्युतिकरण नपुगेको ठाँउमा विद्युत पोल तार सामानका लागी रु.१५००००।- वजेट वाँडफाँड गरी सोही अनुसार सम्झौता गरी कार्यसम्पन्न भएकोमा सम्झौतामा उल्लेखित रकम भन्दा रु.८९१३।- वढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु.-	८,९१३.०

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
३०.	**विल विजक वेगर भुक्तानी:** भौ.नं.४७३/२०७५।३।२८ साविक देवानगंज वडाहरुमा विद्युतिकरण नपुगेको ठाँउमा विद्युत पोल तार र स्थानिय सडक मर्मत कार्य वापत सत्य निर्माण सेवालाई lab test report for cement and concrete भनी रु ४५००।- भुक्तानी भएकोमा ल्याव टेष्ट गरेको Report र विल पेश नभएकोले असुल उपर गर्नुपर्ने रु.-	/४,५००.०
३१.	**भ्याट विल:** कार्यालयले सत्या निर्माण सेवालाई विभिन्न योजनाहरुको छुट्टा छुट्टै सम्झौता गरी रु.१४७३९१३।- भुक्तानी गरेको छ। निर्माण व्यवसायीले निजको VAT विल वेगर अन्य विल विजक र डोर हाजिर पेश गरी भुक्तानी भएको रकम नियम संगत देखिदैन। कार्यालयले यस्तो किसिमको खर्च नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। यसरी भ्याट विल वेगर भुक्तानी भएको रकम नियमित गर्नुपर्ने रु भौ.नं.मिति | योजनाको नाम | भुक्तानी रकम ४७३/२०७४।३।२८ | साविक देवानगंज गाविस १ देखी ९ सम्मको सडक मर्मत | ५०८९१३.०० ४७७/२०७४।३।२९ | साविक देवानगंज वडाहरुमा विद्युतिकरण विद्युत पोल तार | ५००००.०० ५१७/२०७४।३।३१ | साविक देवानगंज वडाहरुमा विद्युतिकरण विद्युत पोल तार | ४६५०००.०० जम्मा | १४७३९१३.००	१४,७३,९१३.०
३२.	**कर कट्टी:** आयकर ऐन २०५८अनुसार भाडामा १० प्रतिशतका दरले, पारिश्रमिक भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा निम्न लिखित भौचर वाट भएको भुक्तानीमा अग्रिम कर कट्टी नभएकोले असुल हुनु पर्ने रु.- भौ.नं.मिति | व्यक्ति तथा फर्मको नाम | विवरण | कर रकम ४९४/२०७५।३।२९ | राशी ५ जनता नि.मा.वि पूर्व अखडा नजिक प्रभाकर खेत छेउमा कल्भर्ट निर्माण | वहालकर रकम | ३७४०.०० ४४६/२०७५।३।२७ | उपेन्द्र सुतिहार | पारिश्रमिक कर रकम | ९००.०० ४४६/२०७५।३।२७ | भिखनि देवी राम | पारिश्रमिक कर रकम | ९००.०० ४४६/२०७५।३।२७ | जयकृष्ण यादव | पारिश्रमिक कर रकम | १८००.०० ४४६/२०७५।३।२७ | दिपेन्द्र स्वर्णकार | पारिश्रमिक कर रकम | १३५०.०० ४४६/२०७५।३।२७ | जय प्रकाश पौडेल प्रतिवेदन लेखन | पारिश्रमिक कर रकम | ७५०.०० ४४९/२०७५।३।२७ | जय प्रकाश पौडेल प्रतिवेदन लेखन | पारिश्रमिक कर रकम | ७५०.०० जम्मा | | १०१९०.०	१०,१९०.०
३३.	**पेश्की** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ। यस गाँउपालिकाको चालु बर्ष पेश्की बाँकी नदेखिएतापनि गतको लेखापरीक्षण प्रतिवेदन अनुसार गत आ.व सम्म देवानगंज गाँउपालिका तर्फ १८८१८७। साविक देवानगंज गा.वि.स (हाल वडा नं. २ समेत) ६०३१२८। साहेवगंज गा.वि.स तर्फ रु. २३३६५२।८० र राजगंज सिनुवारी गा.वि.स तर्फको ६१००००। समेत कुल रु.१६३४९६२।८० को पेश्की लगत राखेको पाइएन भने गाँउपालिकाबाट लेखापरीक्षण समक्ष पेश गरेको विवरणमा समेत उक्त फछ्र्यौट हुन बाँकी पेश्की सम्बन्धमा केही उल्लेख गरेको छैन। फछ्र्यौट हुन बाँकीको लगत राखी नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्ने देखिन्छ।	
३४.	**लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। कुनैपनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकाले उल्लेखित कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखएन। यस्ता कार्यमा सुधार हुनु पर्दछ।	
३५.	**सवारी साधन खरिद** :- सवारी साधन खरिद गर्दा अर्थमन्त्रालयको सहमति लिएर खरिद गर्नुपर्नेमा गाँउपालिकाले अर्थमन्त्रालयको सहमति बेगर १ थान जिप रु. ४९५००००।- (एसेसेरिज वाहेक) मा खरिद गरेको पाइयो। सवारी साधन खरिद गर्नु पुर्व अर्थमन्त्रालयको सहमती लिनुपर्ने देखिन्छ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
३६.	**जिन्सी अभिलेख :–** गाँउपालिकाले खरिद गरेका वा हस्तान्तरण भई आएका जिन्सी सामानहरुलाई सामानको प्रकृति अनुसार खर्च भएर जाने र खर्च भइ नजाने जिन्सी खातामा अलग अलग प्रविष्ट गर्नुपर्दछ । गाँउपालिका स्थित प्रत्येक वडा कार्यालयहरुका लागि रु. १०००००० का दरले ७ वडा कार्यालयको लागि रु. ७०००००० कार्यसञ्चालन बजेट विनियोजन भई खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी सामानहरु खरिद गरेकोमा खरिद भएका सामानहरुको जिन्सी दाखिला गर्ने गरेको पाइएन । यसरी गाँउपालिकाका वडा कार्यालयहरुमा खरिद भएका जिन्सी समानहरुको बारेमा आश्वस्त हुन सक्ने अवस्था छैन । गाँउपालिकास्थित वडा कार्यालयहरुमा खरिद गरिएका सामानहरुको एकिकृत रुपमा जिन्सी आम्दानी जनाई जिन्सी अद्यावधिक गर्नुपर्दछ । .	
३७.	**विल भरपाई:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार खर्च प्रमाणित हुने विल भरपाई तथा अन्य प्रमाण संलग्न गरी भुक्तानी हुनु पर्नेमा कार्यलयबाट भएको खर्चको नमुना छनौट परीक्षण गर्दा निम्नानुसार भुक्तानीमा खर्च प्रमाणित हुने विल भरपाई बेगर भुक्तानी भएको पाइएकोले सोही प्रकारका अन्य भुक्तानी भए गाँउपालिकाबाट छानविन गरी सो समेत निम्नानुसार भुक्तानी सम्बन्धमा सम्बन्धित जिम्मेवारबाट असुल हुनु पर्ने रु.	११८७००.०

सि. नं.	कार्यक्रम	भुक्तानी पाउने व्यक्ति संस्था	प्रयोजन	भुक्तानी भएको गो.भौ.नं.	भुक्तानी रकम	कैफियत
१.	चालु	वडा नं. ६	इन्धन र अतिथि सत्कार	१६-२०७४/६/९	४०८००.०	विल भरपाई संलग्न भएको
		वडा नं. ६	बैठक भत्ता		२०००.०	
२.		वडा नं. २	वडा नं २ कार्यसञ्चालन तथा सञ्चार	९५-२०७४/११/१५	३५०००.०	
३.		गाउपालिकाको का	विविध खर्च	२१४/२०७५/२/१४	१०००.०	
४.		वडा नं. २ उपेन्द्र सुतिवार	कार्य सञ्चालन खर्च	२४०-२०७५/२/३१	३९९००.०	
	जम्मा				११८७००	

३८.	**बैठक भत्ता :-** संघिय तथा प्रदेश कानुनको सिमा भित्र रहेर पदाधिकारीको भत्ता तथा अन्य सुविधा भुक्तानी हुनुपर्दछ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्थापन गर्न बनेको प्रदेश नं. १ को ऐनको दफा मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैनन् भन्ने उल्लेख भएकोमा गाँउपालिकाले बैठक भत्ता, पारिश्रमिक,इन्धन तथा विविध खर्च बापत यो आर्थिक बर्षमा रु. ५५,१५,२००.० खर्च लेखेको पाइयो भने यस बर्ष भएका कानुन विपरीतका भत्ता गाँउपालिकाबाट छानविन गरी असुल हुनुपर्ने देखिन्छ । साथै कानुनले प्रदान नगरेका भत्ता तथा अन्य सुविधा बापतको भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
३८.१.	आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाबाट भएको खर्चको नमुना छनौट गरि हेर्दा विभिन्न मितिमा सञ्चालित विभिन्न वडाहरुको बैठक बापतको भत्ता खर्च लेख्दा सम्बन्धित पदाधिकारीहरुले बुझेको भरपाई तथा बैठक माइन्युट पेश नभएकोले सम्बन्धित पदाधिकारीले बुझेको भरपाई तथा माइन्युट पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	२७७०००.०

क्र.स	गो.भौ.नं मिति	विवरण	भुक्तानी रकम रु	कैफियत
१.	१६-२०७४/६/९	वडा नं. ६ को नियमित बैठक	४२०००.०	
२.		वडा नं. ७ को नियमित बैठक	४२०००.०	
३.		२०७४।६।४ को बोलपत्र सम्बन्धि बैठक	७०००.०	
४.		राजश्व परामर्श समितिको बैठक	७०००.०	
५.		वडा नं.१ र ४ को ६ बैठक बापत	८४०००.०	
६.	९७--२०७४/११/१७	वडा नं.७ कार्तिक मंसिर र पौष	४२०००.०	
७.	१०४-२०७४/११/२७	वडा नं.४ असोज र कार्तिक	३९०००.०	
८.	१११-२०७४/१२/५	वडा नं.७ फाल्गुन महिनाको	१४०००.०	
		जम्मा	२७७०००.०	

३८.२.	गाँउपरिषद्बाट पारित सेवा सुविधा खर्च अनुसार गाँउकार्यपालिकाको कार्यालयले पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा खर्च लेख्नुपर्दछ । गाँउपालिकाका वडाहरुमा भएको खर्चको नमुना छनौट गरि हेर्दा विभिन्न मितिमा सञ्चालित वडा बैठकमा उपस्थित गाँउपालिकाका सहायक कर्मचारीहरुलाई समेत बैठक भत्ता, इन्धन तथा सञ्चार सुविधा खर्च बापत रु. २१९४५०। उपलब्ध गराएको पाइयो । गाँउपालिकाले	

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
	यस प्रकारका खर्चहरुमा नियन्त्रण गरी मितव्ययीता अपनाउनुपर्ने देखिन्छ ।	
३९.	**सामाजिक सुरक्षा तर्फः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण योजना बमोजिम नमुना छनौट गरी वडा नम्वर १ र ६ को निकासा तथा भुक्तानी भर्पाइहरु परीक्षण गर्दा देखिएका व्यहोराहरुलाई निम्नानुसार उल्लेख गरिएको छ । नमुना छनौट परेका वडाहरुमा देखिएका व्यहोराहरु अन्य वडाहरुको सम्बन्धमा समेत हुन सक्ने हुँदा गाउँकार्यपालिका कार्यालयबाटै छानविनगरी यकिन हुन पर्ने देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्:	
३९.१.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७४/०७५ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष गाँउपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।	
३९.२.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । कार्यालयले MIS अभिलेख तयार गरेको देखिएन ।	
३९.३.	सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा यस गाँउपालिका अर्न्तगतका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको (ल्याप्चे लगाएको) भर्पाइबाट पेश्की फछर्यौट गरेकोमा नागरिकता एवं परिचयपत्र उल्लेख नगरी भत्ता वितरण गरेकोमा सो रकम सामाजिक सुरक्षा प्राप्त गर्न योग्य व्यक्तिहरुलाई नै वितरण गरेको हो भन्ने सम्बन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रत्येक व्यक्तिको नागरिकता नम्बर अनिवार्यरुपमा इन्ट्री गनुपर्ने देखिन्छ ।	
	कृषितर्फः	
४०.	भौ.नं. १४ मिति २०७५।३।१७ बार्षिक कार्यक्रममा व्यवसायिक कृषि सम्बन्धि सिप विकास तालि ३ दिने ७ पटक संचालन गर्न रु. ३,२५,०००।- विनियोन भएको देखिन्छ । उक्त तालिम संचालन गर्न पिरामिड टेक्निकल इष्टिच्युट प्रा.लि. सँग मिति २०७५।२।७ मा १ महिना भित्र सम्पन्न गर्ने गरी रु. ३,२४,८२५।- मा सम्झौता भएको छ । सम्झौतामा तालिम ७ दिनको हुने, ७ वटा वडामा १/१ दिन सात समुहमा हुने र सहभागी संख्या कम्तिमा १४० हुनु पर्ने, तालिम अवधि कम्तिमा ६ घण्टाको हुनु पर्ने, सहभागीहरुलाई चिया नास्ताको व्यवस्था हुनु पर्ने उल्लेख छ । तर उक्त संस्थाले उक्त तालिम मिति २०७५।३।३ देखि २०७५।३।१४ सम्ममा ७ वडामा १६२ जनालाई दिएको भनि प्रतिवेदन दिएको देखिएतापनि तालिम अवधि ६ घण्टा हुनु पर्नेमा ११ देखि ४ बजे सम्म ५ घण्टा मात्र गराएको देखिन्छ । त्यसै गरी सहभागीलाई खाजा खुवाउनु पर्ने उल्लेख भएकोमा खाजा खुवाएको विल भर्पाइ तथा प्रमाण समेत संलग्न छैन । तसर्थ यस प्रकारको कार्यक्रम अन्य संस्थाबाट नगराई गाउँपालिका बाटै संचालन गर्नु पर्दछ ।	
	पशु विकास तर्फ	
४१.	**खर्चको उपयोग नभएकोः** भौ.नं. १० मिति २०७४।१०।१५ पशु सेवा विभागबाट प्रकाशित कार्यक्रम संचालन निर्देशिका तथा नर्म्स २०६१ को पेज ३४ मा हिउँदे घाँस अन्तर्गत जै तथा बर्षिमको विउ छर्ने समय कार्तिक - मंसिर र घाँस काट्ने समय पौष देखि चैत्र उल्लेख छ । तर यस कार्यालयका प.से.प्रा. श्री हरि नारायण मेहताले पेश गरेको फाँटवारी अनुसार कुशवाह खाद विज भण्डारको मिति २०७४।९।३ र २०७४।९।२० को विलबाट जै घाँसको विउ १९७५ के.जी मुल्य १,१८,५००।- बर्षिम २५ के.जी रु. ६,२५०।- र ढुवानी रु. १,२५०।- समेत रु. १,२६,०००।- खर्च गरी मिति २०७४।९।२५ मा उक्त विउ वितरण गरेको १७ पाना भर्पाइ संलग्न गरेको छ । घाँस काट्ने समय पौषको अन्तिममा विउ वितरण गर्नुको कुनै औचित्य छैन । यस सम्बन्धमा सम्बन्धित प्राविधिक सँग छलफल गर्दा बजेट ढिला प्राप्त गरेको कारण विउ वितरण ढिलो	

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
	भएको, वितरण भएको विउबाट केही किसानले एक पटक मात्र घाँस काट्न भ्याएको र केही किसानले लगाएको घाँस नउम्रेको जवाफ समेत प्राप्त भएको छ । तसर्थ यस प्रकार रकम मात्र सक्ने उद्देश्यले खर्च गर्ने जिम्मेवार पदाधिकारीलाई आवश्यक कारवाही गरी त्यस्तो खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नु पर्दछ ।	
४२.	**भ्याक्सीनेशनः** ४ मिति २०७५।३।१६ पशु सेवा प्राविधिक हरि नारायण मेहताले देवानगञ्ज ६ थारुटोलमा चरचरे भ्यागुते रोग विरुद्ध १००० वस्तुमा भ्याक्सिनशन कार्य गरेको भनी म्याक्सिनेशन चार्ज रु.१०,०००।- र निम्न औषधि खरिद बापत रु. १०,०००।- समेत रु.२०,०००।- लिएको देखिन्छ । निजले भारद्वाज भेट्सको मिति २०७५।२।२८ को विलबाट खरिद गरेको HS BQ को ३२ भायलबाट ८०० (प्रति वस्तु 2 ML) वस्तुमा मात्र भ्याक्सीनेशन गर्न पुग्ने देखिन्छ । त्यसै गरी १००० बस्तुलाई भ्याक्सीनेशन गर्न भनी 10 ML को १०० थान मात्र सिरेन्ज खरिद गरेकोले १००० संख्यालाई भ्याक्सिनेशन गर्न औषधि तथा सिरिन्ज पुग्ने देखिदैन तसर्थ निजले भ्याक्सिनेशन कार्य गरेको छ भन्न सकिदैन । तसर्थ यस तर्फ गाउँपालिकाले आवश्यक छानविन गर्नु पर्दछ । सि.नं. | खरिद विवरण | रकम १ | ५० M2 को ३२ भ्यालस M.S,B.Q | ८७०४.०० २ | १० M2 को १०० थान सिरेन्ज | १०००.०० | २० थान निडल | २००.०० | डिटोल | ९६.०० | भ्याक्सिनेशन चार्ज | १००००.०० | जम्मा: | २००००.००	
४३.	**लिक्विड नाइट्रोजन खरिदः** कृत्रिम गर्भाधान कार्यकोलागि आवश्यक सिमेन सरक्षणको लागि आवश्यक पर्ने लिक्विड नाइट्रोजन पशु प्रजन्न कार्यालय लाहानले प्रति लिटर रु.३०।- मा उपलब्ध गराउँछ । तर यस गाउँपालिकाले उक्त कार्यालयमा उपलब्ध हुन नसकेको भनी विना आधार प्रमाण निजी क्षेत्रको विनायक अक्सिजन इडष्ट्रिजबाट प्रति लिटर १२५/१५० ले खरिद गर्ने गरेको देखियो । यस प्रकार खरिद गर्ने कर्यमा नियन्त्रण हुनु पर्दछ । केही उदाहरणः भौ.नं. /मिति | खरिद मिति | परिमाण लिटर | दर | रकम ६-२०७५/३/१९ | २०७५/५/१४ | २ के.जी | १५०.०० | ३००.०० | २०७४/६/२० | २ के.जी | १५०.०० | ३००.०० | २०७५.२.२२ | ३२ के.जी | १२५.०० | ४००.००	
४४.	**बोका खरिदः** प.से.प्रा. श्री हरिनारायण मेहताले पेश गरेको फाँटवारी अनुसार निजले ए एण्ड वि एग्रिकल्चर प्रा.लि. बाट रु.१५,५००।- का दरले ९ वटा बोका खरिदमा रु. १,३९,५००।- र ढुवानी रु. ४,५००।- समेत १,४४,०००।- खर्च गरी यस गाउँपालिका अन्तर्गतमा १ देखि ७ वटा मा (२ र ५ मा २ वटाको दरले) ९ वटा बोका वितरण गरेको देखाई रकम खर्च गरेको देखिन्छ । यस सम्बन्धमा निम्म भए गरेको छ ।	
४४.१.	बोका खरिद गर्दा सम्बन्धित बोका बाखा पालक समुह/समितिसँग खरिद गर्नु पर्नेमा गरेको छैन ।	
४४.२.	उक्त बोका गाउँपालिकाबाट वितरण भएको हो भनि परिचय खुल्ने गरी ट्यागीङ हुनु पर्नेमा भएको देखिएन ।	
४४.३.	प्राप्त बोकाहरुको स्वास्थ्य परिक्षण प्रतिवेदन संलग्न छैन ।	
४४.४.	वितरण भएको बोकाको सर्भिसबाट कृषकहरुले पाउने सुविधा सम्बन्धमा स्पष्ट किटान नगरी वितरण गरेकोले अन्य बोकाले दिएको सेवाको तुलनामा बढी मुल्य तिर्न पर्ने बाध्यात्य परिस्थिती हुन सक्ने देखिन्छ ।	
४५.	**गरिवसँग विशेश्वर कार्यक्रमः** सामाजिक परिचालिका मिनाक्षी कुमारी मण्डलले यस कार्यक्रमबाँट मुढा तालिम, पशुपालन तालिम, साटासाट कार्यक्रम बाखा र विउ पूँजि जस्ता कार्यक्रम संचालन गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् ।	
४५.१.	निज सामाजिक परिचालिकाले मिति २०७५।३।१६ मा एक दिने बाखा पालन तालिम संचालन गरेको भनी राम देवी मण्डल देखि गिता देवी राय सम्मका ३८ किसान सहभागी गराइ रु. ३०,०००।- खर्च लेखेको देखिन्छ ।	
४५.२.	साटासाट कार्यक्रमकोलागि बाखा २० वटा (विभिन्न दरमा रु.४,५००।- देखि ५,६५०।- सम्ममा) बाखा खरिद गरेको भनी विभिन्न कृषकको भर्पाइबाट रु. १,००,५७०।- र ढुवानी रु. ४,०००।- समेत रु. १,०४,५७०।- खर्च लेखेको छ । बाखा खरिद गर्दा विभिन्न कृषक समुह समितिसँग खरिद नगरी व्यक्तिको भर्पाइबाट खरिद गरेकोले यस तर्फ सुधार गर्नु पर्दछ ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
४५.३.	वितरित बाखालाई पशु सेवा प्राविधिकबाट स्वास्थ्य परीक्षण गराई, भ्याक्सिनेशनको व्यवस्था गरी छुट्टै पहिचान खुल्ने व्यवस्था हुनु पर्दछ ।	
४५.४.	बाखा तालिम लिने कृषकहरुलाई बाखा वितरण नगरी अन्यत्र किसानहरु लक्ष्मी साह देखि अन्जु मण्डल सम्मका २० जनालाई वितरण गरेको (मुल्य नखुलाई) देखिएकोले तालिममा भएको खर्चको सहि सदुपयोग भएको देखिएन । तसर्थ तालिम प्राप्त गरेकै किसानहरुलाई बाखा वितरण गर्ने गरी कार्यक्रम तय गर्नु पर्दछ ।	
४५.५.	साटासाट कार्यक्रम अन्तर्गत वितरित बाखा के कसरी साटासाट गर्ने हो सो को कार्यविधि तयारगरी सो अनुसार कवुलियतनामा गराई वितरण गर्नु पर्नेमा सो भएको पाइएन ।	
	शिक्षातर्फ	
४६.	यस गाउँपालिका अन्तर्गत उच्च मा.वि. २, मा.वि. २, आधारभुत तह २२, धार्मिक शिक्षा मन्दिर २ र मदरसा २ गरी ३० विद्यालय संचालनमा रहेको देखिन्छ । विद्यालयमा शिक्षकहरुलाई तलव भत्ता बापत दिएको निकासा रकम विद्यालयगत निकासा खातामा चढाउनु पर्नेमा चढाएको पाइएन । अर्थात गाउँपालिकामा विद्यालयगत निकासा खाता राखेको छैन । विद्यालय निकासा खातामा प्रत्येक विद्यालयलाई दिएको चौमासिक निकासा एकै स्थानमा देखिने गरि प्रविष्ट गर्ने कार्यमा सुधार हुनु पर्दछ ।	
४७.	**सिमा क्षेत्र विकास कार्यक्रम**: यस बर्ष यस कार्यक्रमबाट प्राप्त रकमबाट गाउँपालिकाले निम्न स्थानको सडक कालोपत्रे तथा आर. सि. सि. ढलान गर्ने गरी सम्बन्धित उपभोक्ता समितिसँग सम्झौता गरेकोमा सम्झौताको अवधि भित्र सम्पन्न गरेको देखिएको छ ।	

भौ.नं. / मिति	सडक	लागत अनुमान	सम्झौता रकम	खर्च रकम
२-२०७५/३/२०	अनिल यादवको घर देखि परेश मेहताको घर सम्म ब्लकटप कार्य	१४११७६४.७१	१४११७६४.७१	१४१००६१.०
३-२०७५/३/२०	नया मुसहर टोलमा आर सि.सि. ढलान कार्य	१२२५९६९.८१	१२०६०००.०	११८१८८०.०
४-२०७५/३/२३	सोमवारे हाट देखि पश्चिम जाने बाटोमा आर.सि.सि. ढलान	१२०८०८३.६५	११८३९२१.९८	११८३९२१.९८

४८.	**स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
४९.	**व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायिहरुको अनुगमन गरेको पाईएन ।	
५०.	**राजश्व अभिलेख** : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था गरेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।	
५१.	**आय ठेक्का** :- सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का व्यवस्थापनसँग सम्बन्धित अभिलेख व्यवस्थीत गरी फाइल व्यवस्थापन हुनुपर्दछ । लेखापरीक्षणको क्रममा गाँउपालिकाको आयसँग सम्बन्धित फाइल परीक्षणको लागि पेश भएकोमा लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार दैनिक व्यापार तथा कृषिजन्य निकासी वापत ठेकेदार सुनिल कुमार यादवबाट रु. ४,१८,४१०। र भवेक्षी हाट बापत तपेजुल मियाबाट रु. १,५०,०००। गरी आय ठेक्का व्यवस्थाबाट रु. ५,६८,४१०। असुली भएकोमा ठेक्का व्यवस्था सम्बन्धि फाइल पेश नभएकोले उक्त आय एकिन गर्न नसकिएकोले सो सम्बन्धि फाइलहरु पेश गरी आय यकिन हुनुपर्ने रु.	५,६८,४१०.०
५२.	**अन्य आय** :- गाँउपालिकाले असुल गर्ने विभिन्न शुल्क, दस्तुर तथा कर रकमको उचित रुपमा लेखाङ्कन तथा प्रतिवेदन हुनुपर्दछ । गाँउपालिकाले यो बर्ष आन्तरीक आय बापत रु. ४५८२८२९। आम्दानी भएको	

दफा नं.	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम .
	देखाएतापनि कुन कुन शिर्षकमा कति राजश्व आम्दानी भएको हो सो स्पष्ट खुल्ने अभिलेख नरहेकोले सो सम्बन्धमा यकिन गर्न सक्ने अवस्था छैन । यसै गरी विभिन्न वडाहरुमा असुली भएको आन्तरीक आयको सम्बन्धमा नगदी रसिद नियन्त्रण खाता नरहेको, दैनिक आय लेखाङ्कन नभएको पाइयो भने कतिपय वडामा प्रेसबाट नगदी रसिद ल्याई राजश्व उठाउने गरेको मौखिक जवाफ समेत प्राप्त भएको छ । रसिद नियन्त्रण खाता, प्रयोग भएका रसिद र जम्मा गरेको बैक भौजर भिडान र सो को अभिलेख गाँउपालिकामा नभएको कारण वडाहरुमा कति राजश्व उठ्यो र उठेको सबै राजश्व गाँउपालिकाको सञ्चित कोष खातामा दाखिला भयो भनी आश्वस्त हुन सक्ने अवस्था छैन । आन्तरिक आय व्यवस्थापनमा आन्तरीक नियन्त्रण पक्ष कमजोर रहेको कारण वडाहरुमा गाँउसभाले तोकेभन्दा फरक दरमा राजश्व असुल हुनसक्ने असुली सबै राजश्व सञ्चित कोष दालि नहुने जस्ता असर पर्न सक्ने देखिदाँ वडामा आन्तरिक नियन्त्रण प्रणाली मजवुत बनाई आन्तरीक आय व्यवस्थापन हुनुपर्ने देखिन्छ ।	
२३.	**कार्यविधि निर्माण :-** गाँउ कार्यपालिकाबाट हुने कार्यलाई बैधानिक रुपमा सञ्चालन गर्न आवश्यक नियम/विनियम/कार्यविधीहरु संघिय तथा प्रदेश कानुन बमोजिम नबाँझिने गरी तर्जुमा तथा कार्यान्वयन हुनुपर्दछ । यस गाँउ कार्यपालिकाबाट उपभोक्त समितिसँग सम्बन्धित मर्मत संभार कोष, दैवि प्रकोप कोष लगायत खर्च प्रणाली र न्यायीक समितिबाट सम्पादन हुने न्यायीक कार्य संग सम्बन्धित विनियम/ कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको पाइएन । यस सम्बन्धमा गाँउसभा तथा गाँउ कार्यपालिको ध्यान जानुपर्ने देखिन्छ ।	
२४.	**बेरुजू** :– देवानगञ्ज गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो बर्ष असुल गर्नु पर्ने बेरुजू रु. १३ लाख ४९ हजार, अनियमित बेरुजू रु. २६ लाख ९२ हजार, प्रमाण कागजात पेश नभएको बेरुजु रु. २४ करोड १९ गरी जम्मा रु. ६४ लाख ६० हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट /समायोजन भई १९ लाख २७ हजार फछ्र्यौट भई रु. ४५ लाख ३३ हजार बेरुजू कायम भएको छ ।	
२४.१.	**बेरुजू अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४ घ बमोजिम बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयको गत वर्षको बेरुजू फछ्र्यौटको स्थिति निम्नानुसार देखिएको छ ।	
२४.२.	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयमा आ.व २०७३।७४ पछिको मात्र बेरुजु लगत रहेकोले बाँकी बेरुजु गणना सोही बमोजिम प्रतिवेदन गरिएको छ । आ.व २०७३/७४ भन्दा अगाडिको बेरुजु फछ्र्यौट समेतको व्यहोरा निम्नानुसार देखिएको छ : रु. हजारमा गत वर्षको बेरुजु रकम (रु.) | दफा नं. | आ.व | फछ्र्यौट रकम | यो वर्ष जम्मा फछ्र्यौट | बाँकी १००४ | | | ०.० | ०.० | १००४	
२४.३.	**अद्यावधिक बेरुजु स्थिति :** देवानगञ्ज गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : रु. हजारमा गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. | यो वर्षको कायम बेरुजु रु. | बाँकी १००४ | ०.० | ४५३३ | ५५३७	
२५.	**वित्तीय जवाफदेहिता मूल्यांकनः**-सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन / विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको शिलशिलामा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ४३ अंक प्राप्त गरी ग्रेड सि प्राप्त गरेको पाइएको छ । उल्लेखित विषयमा सुधार गर्नु पर्दछ ।	

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुची १

(रु.हजारमा)

सि(न)(	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गनुंपर्ने					पेश्की		
			सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	अशुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	सुनसरी	देवानगञ्ज गाँउपालिका	६१	२८	६४६०	६१	१४	१९२७	६१	१४	४५३३	७२१	२६९२	११२०	०	०	३८१२			

अनुसूची- २

सञ्चित कोष विवरण

आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	देवानगञ्ज गाँउपालिका	सुनसरी	८२९३	१८५९५२	८४७४४	५५८५३	३२६५४९	१०३२४३	११४५८१	५४७८६	२७२६१०	६२२३२